
# विपद् व्यवस्थापन सम्बन्धी प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

### असोज, २०८२





लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

# विषय सूची


**१.पृष्ठभूमी** ..... 4

**२. प्रदेशको विपद्को अवस्था** ..... 4

**(क) भूकम्प :** ..... 4

**(ख) बाढी :** ..... 4

**(ग) पहिरो :** ..... 5

**(घ) आगलागी :** ..... 5

**(ङ) चटयाङ् :** ..... 5

**(च) सडक दुर्घटना :** ..... 6

**(छ) महामारी :** ..... 6

**३.जिल्लागत प्रकोप तथा विपद् जोखिमको अवस्था** ..... 7

(क) विपद् घटना ..... 8

(ख) मृत्यु विवरण ..... 9

(ग) घाइते विवरण ..... 9

(घ) बेपत्ता विवरण ..... 11

(ङ) भौतिक क्षतिको विवरण ..... 11

(च) आगलागी ..... 12

(छ) बाढी ..... 13

(ज) पहिरो ..... 14

(झ) हावाहुरी ..... 14

(ञ) चटयाङ ..... 15

(ट) सर्पदंश ..... 16

(ठ) पानीमा डुबेर ..... 16

(ड) डुबान ..... 17

(ढ) जङ्गली जनावर आक्रमण ........ 18

(ण) विषाक्त खाद्य पदार्थ सेवन ........ 19

५.आ.व.२०८०।०८१ मा विपदबाट प्रभावितहरूलाई उपलब्ध गराईएको राहत विवरण ........ 21

६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएका प्रयासहरू ........ 21

७. सङ्घ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण ........ 22

**८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आगामी योजनाहरू** ........ 23

**९. सुझाव र निष्कर्ष** ........ 24

## १.पृष्ठभूमी

भौगर्भिक हिसाबले लुम्बिनी प्रदेश तराई, शिवालिक वा चुरे पहाड र लेसर हिमालयमा अवस्थित छ । तराई क्षेत्र उत्तर तर्फबाट बग्ने कर्णाली, बबई, नारायणी, राप्ती, तिनाउ लगायत नदीहरूले थुपारेको कालीमाटी, बालुवा तथा गेग्रयानबाट बनेको छ। शिवालिक पर्वतमाला क्रमश दक्षिणबाट उत्तरतर्फ मडस्टोन (Mudstone), स्याण्डस्टोन (Sandstone), सङ्गुटिका (Conglomerate) बाट बनेको छ।लेसर हिमालय परिवर्तित एवं पत्रे चट्टानद्वारा बनेको छ ।यी भौगर्भिक क्षेत्रहरूलाई सक्रिय दरारहरूले छुट्टयाएकोले भूकम्पीय प्रकोपको उच्च जोखिम रहेको छ । यसको अलावा कमजोर भौगर्भिक बनोट एवं उच्च भिरालोपनका कारण पहिरोजन्य प्रकोपको सम्भावना पनि उच्च रहेको पाइन्छ ।

भौगोलिक अवस्था, भौगर्भिक बनोट, भूकम्पीय दरारहरूको पुनः सक्रियता, मनसुनमा हुने वर्षाको मात्रा तथा ढाँचामा परिवर्तन, सरसफाइ एवं ढल निकासको कमी तथा जलवायु परिवर्तनको कारणहरूबाट लुम्बिनी प्रदेशमा भूकम्प, बाढी, पहिरो चटयाङ, असिना, हुरी, अतिवृष्टिजस्ता प्राकृतिक तथा महामारी, आगलागी, जल, सडक, हवाइ एवं औद्योगिक दुर्घटनाजस्ता गैरप्राकृतिक विपद्हरूको घटना हुने गर्दछन् ।

## २. प्रदेशको विपद्को अवस्था

### (क) भूकम्प :

लुम्बिनी प्रदेशमा हिमालय क्षेत्रमा रहेका सम्पूर्ण मुख्य दरारहरू रहेका छन्।यी दरारहरूमध्ये भूकम्पीय दृष्टिकोणले अति जोखिमयुक्त मेन फ्रन्टल थ्रस्ट प्रदेशको पूर्व भागमा त्रिवेणीदेखि पश्चिममा कर्णाली नदीसम्म फैलिएको पाइन्छ।यस दरारलाई आधार बनाएर सन् १२५५ मा महाभूकम्प गएको इतिहासमा उल्लेख छ। उक्त भूकम्पको दरारक्षेत्र प्रदेशको पश्चिम नवलपरासी जिल्लाको त्रिवेणीधामको दक्षिण भागमा फेला परेको छ। यस तथ्याङ्कबाट प्रदेशलाई विगतमा पनि महाभूकम्पहरूले असर गरेको तथ्य पुष्टि गरेको छ।साथै, सन् १५०५ को भूकम्पले पनि ठुलो क्षति गरेको पाइन्छ । खानी तथा भूगर्भ विभागको तथ्याङ्क अनुसार यस प्रदेशलाई केन्द्रविन्दु बनाएर चार रेक्टर स्केल वा सोभन्दा ठुला करिब दशवटा भूकम्पहरू गएको पाइन्छ। भौगर्भिक बनोट, दरारहरूको अवस्था एवं विगतका भूकम्पहरूको अवस्थालाई विश्लेषण गर्दा यो प्रदेश भूकम्पीय विपद्को दृष्टिले उच्च जोखिममा रहेको देखिन्छ ।

### (ख) बाढी :

जलस्रोत लुम्बिनी प्रदेशको मुख्य प्राकृतिक स्रोत हो । यस प्रदेशका मुख्य नदीहरू कर्णाली, बबई, राप्ती, माडी, झिमरुक, तिनाउ एवं गण्डकी हुन् । वर्षायाममा उपल्लो क्षेत्रलगायत जलाधार क्षेत्रमा हुने उच्च सघनतायुक्त वर्षा, धेरै दिनसम्म लगातार हुने वर्षा तथा हिमताल विष्फोट हुँदा तल्लो तटीय जलाधार क्षेत्रमा बाढी आउने गर्दछ । हिमाली, पहाडी तथा चुरे क्षेत्रबाट नदीको उद्गमस्थल अनुसार ढुङ्गा, वालुवा, माटो बगाएर तराई तथा

तटवर्ती क्षेत्रमा थुपार्ने हुनाले नदीको सतह बढ्न गई तटीय क्षेत्रमा नदी कटान एवं खेतीयोग्य जमिनमा वालुवालगायत गेग्रानले पटान भएर बगरमा परिणत भई माटोको उर्वराशक्तिमा ह्रास आई खाद्य सुरक्षामा नै प्रत्यक्ष असर गर्ने गर्दछ । यसै गरी दक्षिणतर्फ नेपाल भारत सीमा क्षेत्रमा भारत तर्फबाट बनाइएका तटबन्ध तथा अग्ला सडकहरूले नेपाली भूमिबाट बग्ने पानीको निकासलाई अवरोध पुर्‍याउँदा नेपाली भूमि डुबानमा परी वर्षेनी विपद्को अवस्था उत्पन्न हुने गर्दछ ।

**(ग) पहिरो :**

भौगर्भिक एवं भौगोलिक विविधता र भौगर्भिक एवं इन्जिनियरिङ् अध्ययनविना सडक तथा अन्य भौतिक पूर्वाधारको निर्माणले पहिरोको जोखिम प्रत्येक वर्ष बढिरहेको छ । प्रदेशका पहाडी जिल्लाहरू रूकुम (पूर्वी भाग), रोल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान एवं पाल्पा बढी प्रभावित देखिन्छन् । यस क्षेत्रमा विशेषगरी राजमार्गका भिरालो खण्डहरू, उच्च भिरालोपन भएका पहाडी भू-भाग र भिराला नदीकिनारहरू बढी जोखिमपूर्ण देखिएका छन् । यस प्रदेशको चुरे क्षेत्रमा अवस्थित बुटवल-पाल्पा सडक खण्ड वर्षायाममा वर्षेनी पहिरो तथा ढुङ्गा खस्ने प्रकोपबाट प्रभावित भइरहन्छ । यस बाहेक पुराना निस्क्रिय पहिरोहरू अव्यवस्थित भौतिक पूर्वाधार निर्माण प्रकृयाले पुनः सक्रिय भई वासस्थान लगायत जीविकोपार्जनमा समेत असर पर्न गएको छ ।

**(घ) आगलागी :**

आगलागी लुम्बिनी प्रदेशमा एउटा प्रमुख विपद्को रूपमा देखा परेको छ । विशेष गरी फागुनदेखि वैशाखसम्मको सुख्खायाममा लामो समयसम्म पानी नपरी खडेरीको अवस्था सिर्जना हुँदा आगलागीको प्रकोप बढेको देखिन्छ। विशेष गरी तराईमा घरायसी प्रयोगका रूपमा खाना पकाउन दाउरा बालेर प्रयोग हुने आगो सुख्खायामको हावाले झिँगटी वा खर तथा परालले छाएका घरहरूमा सल्किँदा बाक्ला बस्तीहरूमा फैलिँदै विपद्को अवस्था सिर्जना हुने गर्दछ। यस प्रकारको अवस्था ग्रामीण क्षेत्रका गरिव तथा सुकुम्बासीहरूले वर्षेनी भोग्नु पर्ने अवस्था छ । तर सहरी क्षेत्रमा घर तथा कलकारखानामा विद्युत् सटसर्किट हुन जाँदा आगलागीका ठुला घटनाहरू हुने गर्दछन् । यसको अलवा जङ्गल क्षेत्रमा चेतनाको कमीका कारण मानिसहरूले डढेलो लगाउँदा पनि नजिकका वस्तीमा आगलागी हुने तथा जङ्गलको विनाश भई समस्त वातावरणमा नै नकरात्मक प्रभाव पार्ने गर्दछ ।

**(ङ) चटयाङ् :**

नेपालमा गएको केही दशकदेखि चट्याङ् पर्ने घटनाहरू अत्यधिक रूपमा बढ्न थालेका छन् । समान्यतया वायुमण्डलमा रहेको बादलको तल्लो तहमा रहेका ऋणात्मक चार्ज वा इलेक्ट्रोनहरूको आकर्षण जमिनमा रहेका धनात्मक चार्ज वा प्रोटोनतर्फ हुँदा चटयाङ्ग पर्ने गर्दछ । नेपालमा विशेष गरी चुरे तथा महाभारत क्षेत्रमा चटयाङ् पर्ने घटनाहरू बढी हुने गरेको देखिन्छ । यस प्रदेशमा विशेष गरी चुरे, महाभारत क्षेत्र र तराईमा पनि चटयाङ पर्ने गर्दछ ।

**(च) सडक दुर्घटना :**

ग्रामीण तथा सहरी क्षेत्रमा सडक सञ्जालको विस्तार कार्य द्रुत गतिमा भइरहेको छ ।यस प्रदेशको पहाडी जिल्लामा जटिल भौगोलिक अवस्था तथा पर्याप्त आर्थिक स्रोतको अभावका कारण सडकहरू साँघुरा, घुमाउरा एवं पहाडी क्षेत्रमा भिरालो जमिनबाट बनाइएका हुन्छन् । कतिपय अवस्थामा पर्याप्त भौगर्भिक एवं इन्जिनियरिङ अध्ययन नगरिकन सडकका ट्र्याक खोल्ने कार्य भइरहेको छ । अतः न्यून गुणस्तरीय सडकहरूमा सवारी चालकको लापरबाही, मदिरा सेवन गरी सवारी चलाउनु, तीव्र गतिमा सवारी साधन चलाउनु, पैदल यात्रुहरूको लापरबाही, अव्यवस्थित पार्किङ्ग, जथाभावी सडक पार गर्ने व्यवहार, मोडहरूमा कमजोर दृश्यता तथा सवारी साधनमा आउने प्राविधिक त्रुटि जस्ता कारणले नेपालमा सडक दुर्घटना हुने गर्दछन्। केही वर्षयता धेरै मानिसको मृत्यु हुने विपद्को रूपमा सडक दुर्घटना प्रमुख बन्दै गएको छ ।

**(छ) महामारी :**

नेपालमा विशेष गरी दुर्गम क्षेत्रका ग्रामीण समुदायहरू महामारीको प्रकोपबाट वर्षेनी प्रभावित हुने गर्दछन् । ग्रामीण क्षेत्रमा स्वस्थ खानेपानीको अभाव, शौचालयको राम्रो व्यवस्था नहुने एवं जीवाणु तथा किराको सङ्क्रमणबाट महामारीको अवस्था सिर्जना हुने गर्दछ । समग्र मुलुकमा जस्तै यस प्रदेशको पनि मुख्यतया झाडा पखाला, कालाजार, ठेउला, हेपाटाइटिस इन्फ्लुएन्जा, टाइफाइड, दम, हैजा, यौनरोग, क्षयरोग, कुष्ठ रोग आदि सङ्क्रमण हुने रोग हुन् । यसको अलवा जालवायु परिवर्तनको कारण बढ्दो तापक्रमसँगै डेङ्गु ज्वरोको प्रकोप पनि वर्षेनी बढिरहेको छ ।

## ३. जिल्लागत प्रकोप तथा विपद् जोखिमको अवस्था

यस प्रदेशमा बाढी, पहिरो, चटयाङ्, हावाहुरी जस्ता प्राकृतिक विपद् र सडक दुर्घटना, आगलागी, सर्पदंश लगायतका गैरप्राकृतिक विपद्बाट मानवीय तथा भौतिक क्षति बढी हुने गरेको छ। पहाडी भू-भागमा खनिएका ग्रामीण सडक, भिरालो जमिन, कमजोर भू-बनौट आदी कारण र अधिक वर्षा वा खण्डवृष्टिका कारण पनि पहिरोका घटनाहरूमा बृद्धि भएको पाइन्छ।

मानवीय असावधानी, तीव्र गति, धेरै मोडयुक्त सडकको कारण सडक दुर्घटना दिनानुदिन बढ्दो अवस्थामा रहेका छन्। यस आ.व. मा सडक दुर्घटनाको कारण ४७० जनाको मृत्यु भएको छ भने ८४४६ जना व्यक्ति घाइते भएका छन्।

तराई क्षेत्रमा काठ तथा घाँसजन्य सामग्रीबाट निर्मित घर एवं मानवीय असावधानीका कारण आगलागीका घट्ना धेरै भएका छन्। आ.व.२०८१|०८२ मा आगलागीका सबैभन्दा बढी ११०१ वटा घटना भएक छन्। त्यसैगरी पहिरो १४४ वटा, चटयाङ्गका ३९ वटा, सर्पदंशका ३१८ वटा, जङ्गली जनावरको आक्रमण ४१ वटा, खोलाले बगाएका १९५, बाढी ५२ वटा, अबिरल वर्षा ६३ वटा, हावाहुरी ११६ भूकम्प नगएको र अन्य घटना समेत जम्मा १७१६ वटा विपदजन्य घटनाहरू घटेका छन्।

यस आ.व.मा मुख्यतया आगलागी, बाढी, पहिरो, हावाहुरी, चटयाङ, सर्पदंश, जङ्गली जनावरको आक्रमण, महामारी, अविरल वर्षा भूकम्प खोलाले बगाएर गरी १७१६ वटा घटना भएका छन । वहु विपद् बाट दाङ जिल्ला सबैभन्दा बढी प्रभावित भएको छ भने सबैभन्दा कम प्रभावित जिल्ला रूकुम पूर्वी भाग रहेको छ । यस वर्ष प्राकृतिक विपद्का घटना कम भएका भए पनि गैह्प्राकृतिक विपद्का घटना बढेको छ जुन मानवीय लापरबाहीका कारण भएको सहजै अनुमान लगाउन सकिन्छ । आगलागीका घटनाबाट सबैभन्दा बढी प्रभावित भएको छ । जङ्गली जनावरको आक्रमणबाट बर्दिया जिल्ला बढी प्रभावित भएको र घटना संख्या मानवीय तथा भौतिक क्षति पनि हरेक बर्ष बृद्धि हुदै गईरहेको छ ।

## (क) **विपद् घटना**

आ.व २०८१/८२ मा भएको जिल्लागत विपद् विवरण

| कं स | जिल्ला | आगलागी | बाढी | पहिरो | हावाहुरी | चट्याङ | सर्पदंश | पानिमा डुबे | जंगली जनावारको | जंगल आगला | बिषात खाद् | डुबान | अविरल | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नवलपरासी | ५० | ० | १ | ५ | १ | ९ | ११ | ३ | १० | १ | ३ | २ | २ | ९८ |
| २ | रुपन्देही | ८७ | ३ | ० | १६ | ३ | १२ | ३५ | २ | १ | ३ | ५ | ११ | ३ | १८१ |
| ३ | कपिलबस्तु | ५० | ० | २ | ३ | १ | ४३ | ३५ | ४ | १ | २ | १ | २ | ० | १४४ |
| ४ | पाल्पा | ४४ | १ | १७ | २३ | १ | ३० | ८ | ५ | २६ | २ | १ | ४ | ९ | १७१ |
| ५ | गुल्मी | १ | ६ | १४ | २ | ८ | १३ | ३ | ० | ४३ | ४ | ० | १ | १२ | १०७ |
| ६ | अर्घाखाँची | ३४ | १ | ५ | ३ | ४ | १८ | १ | ५ | १५ | २ | ० | २ | ४ | ९४ |
| ७ | दाङ | ६८ | ५ | २ | ११ | १० | २५ | २५ | ६ | ८ | ७ | ० | २३ | ५ | १९५ |
| ८ | प्युठान | १८ | ३ | ११ | १ | १२ | २२ | ५ | १ | २१ | ४ | ० | ५ | ७ | ११० |
| ९ | रोल्पा | ३९ | ३ | २७ | ५ | १९ | २२ | ४ | २ | १२ | ७ | ० | ७ | ९ | १५६ |
| १० | रुकुम पूर्व | ११ | ३ | ६ | २ | ४ | ४ | १ | ० | १९ | ० | ० | २ | २ | ५४ |
| ११ | बाँके | ७९ | ४ | ० | ३ | ४ | ४४ | ३३ | १५ | २ | ४ | ० | १ | ७ | १९६ |
| १२ | बर्दिया | ६१ | ८ | ० | १८ | ४ | २३ | २८ | ४० | ४ | ६ | २ | १२ | ४ | २१० |
| जम्मा | जम्मा | ११०१ | ५२ | १४४ | ११६ | ३९ | ३१८ | १९५ | ४१ | १२ | | २४ | ६३ | १ | १७१६ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

प्राप्त तथ्यांङ्कलाई हेर्दा बहुविपद्का घटनाबाट प्रभावित बाँके जिल्लामा देखिएको छ भने कम विपद्का घटना भएको जिल्ला रूकुम (पूर्वी भाग) रहेको छ । यस प्रदेशमा एक वर्षको विपद् घटनाको तथ्यांङ्क हेर्दा सबैभन्दा बढी आगलागीको घटना भएको छ| पहिरो, सर्पदंश, खोलाले बगाएर र हावाहुरी बढी प्रभावित रहेकोछ । दाङ, कपिलबस्तु, नवलपरासी(ब.सु.प), रुपन्देही, पाल्पा, बाँके, बर्दिया, अर्घाखाँची, प्यूठान, गुल्मी, रोल्पा जिल्ला बहु विपद्का घटनाहरूबाट प्रभावित भएका छन ।

(ख) **मृत्यु विवरण**

| | जल्ला | घटना संख्या | मानिस मृत्यु | |
|---|---|---|---|---|
| | | | महिला | पुरुष |
| १ | नवलपरासी (प.) | ५४ | ० | ० |
| २ | रूपन्देही | १०६ | २ | १ |
| ३ | कपिलवस्तु | ११७ | ० | १ |
| ४ | पाल्पा | ४९ | १ | १ |
| ५ | गुल्मी | ५१ | २ | १ |
| ६ | अर्घाखाँची | ८३ | २ | ० |
| ७ | दाङ | १२२ | ४ | १ |
| ८ | प्युठान | १६३ | १ | ० |
| ९ | रोल्पा | १०० | १ | ० |
| १० | रूकुम पूर्व | २५ | ० | ० |
| ११ | बाँके | १३१ | २ | १ |
| १२ | बर्दिया | १०० | ५ | ४ |
| **जम्मा** | | **११०१** | **२०** | **१०** |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

यस लुम्बिनी प्रदेशमा पुरुषभन्दा महिला मृत्यू अधिक छ।दाङ, रुपन्देही, कपिलबस्तु र बर्दिया बढी मृत्यु हुने जिल्लाहरुमा पद्र्छन ।

(ग) **घाइते विवरण**

| | जल्ला | घटना संख्या | घाईते | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | नवलपरासी(प.) | ५४ | १ | २ | ३ |
| २ | रुपन्देही | १०६ | ६ | ७ | १३ |
| ३ | कपिलवस्तु | ११७ | २ | ५ | ७ |
| ४ | पाल्पा | ४९ | ३ | १ | ४ |
| ५ | गुल्मी | ५१ | ५ | ५ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अर्घाखाँची | ८३ | ० | १ | १ |
| ७ | दाङ | १२२ | १५ | ३ | १८ |
| ८ | प्यूठान | १६३ | १ | ३ | ४ |
| ९ | रोल्पा | १०० | १ | १ | २ |
| १० | रूकुम (पूर्बी भाग) | २५ | ३ | ८ | ११ |
| ११ | वाँके | १३१ | ५ | ४ | ९ |
| १२ | वर्दिया | १०० | १२ | ३ | १५ |
| **जम्मा** | | **११०१** | **५४** | **४३** | **९७** |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

विभिन्न विपद्हरुबाट घाइते विवरण विश्लेषण गर्दा, विपद् बाट धेरै घाइते हुने जिल्लामा दाङ् जिल्ला पर्दछ । साथै, बर्दिया, पाल्पा, गुल्मी र रोल्पा जिल्लाहरुमा पनि धेरै घाइते भएको तथ्याङ्कले देखाँउछ ।

प्रदेशको आ.व. २०८१/०८२ को विपद् तथ्याङ्क विश्लेषण गर्दा, विपदबाट घाइते हुनेहरुमा महिलाहरु धेरै छन्। विपदबाट महिला अधिक घाइते हुने जिल्लाहरुमा दाङ्ग, बर्दिया, गुल्मी, रोल्पा, पाल्पा आदि पर्दछन् ।

| क.स. | जिल्ला | मानवीय क्षति | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आगलागी | | पहिरो | | बाढी | | अबिरल बर्षा | | चट्याङ्ग | | सर्पदंश | | पानिमा डुवेर | | जंगली जनावरको अक्रमण | | हावाहुरी | | जंगल आगलागि | | डुबान | | बिषात खाध | | अन्य | | जम्मा | |
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाइते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते |
| १ | नवलपरासी प. | १ | ८ | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | ७ | १० | ० | ० | ६ | २ | ५ | ० | ० | ० | ० | ० | १ | ० | ६ | १६ | ३३ |
| २ | रूपन्देही | ३ | १९ | ० | ० | ३ | ० | ० | ० | १ | ० | १ | ११ | ३५ | ४ | ० | २ | ० | ४ | ० | ० | ० | ० | ० | १८ | २ | १ | ४५ | ५९ |
| ३ | कपिलवस्तु | २ | २ | ० | ० | ० | ० | ० | १ | १ | ० | ६ | ३८ | ३३ | १ | १ | ३ | २ | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ४६ | ४७ |
| ४ | पाल्पा | २ | ७ | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | २९ | ४ | २ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ८ | १ | १५ | ९ | ६७ |
| ५ | गुल्मी | ४ | ६ | ४ | २ | १ | २ | ० | ० | ० | ७ | ० | १३ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७ | १ | १४ | १३ | ६१ |
| ६ | अर्घाखाँची | २ | ३ | ३ | ० | २ | ० | ० | ० | १ | ३ | ० | १९ | २ | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ३२ | ० | ५ | १० | ६८ |
| ७ | दाङ | ४ | १४ | ० | २ | ४ | ० | ० | ० | १ | ६ | ५ | २० | २६ | १ | १ | ५ | ० | ० | ० | ० | ० | ० | १ | १७ | १ | १३ | ४३ | ७८ |
| ८ | प्युठान | ५ | १८ | ० | २ | ४ | ० | ० | ० | १ | १८ | ६ | ४१ | ३१ | २ | १ | ६ | ० | ० | ० | ० | ० | ० | १ | ३४ | २ | २७ | ५१ | १४८ |
| ९ | रोल्पा | ० | ३ | ३ | २ | ० | ० | ० | ० | २ | २१ | ० | २२ | २ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १८ | ७ | ७ | १४ | ७७ |
| १० | रूकुम पूर्व | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ४ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | २ | ४ | १० |
| ११ | वाँके | १ | ११ | ० | ० | ० | २ | ० | ० | ० | ४ | २ | ४१ | २७ | ४ | ४ | ११ | ० | ० | ० | ० | ० | ० | ० | ७ | १ | १० | ३५ | ९० |
| १२ | वर्दिया | १ | १० | ० | ० | १ | १ | ० | ० | २ | ० | ५ | १८ | २२ | ८ | ९ | २२ | ० | ३ | ० | ० | ० | ० | ० | ११ | ० | ४ | ४० | ७७ |
| जम्मा | | ३० | ९७ | ११ | २२ | १७ | २ | ० | ३ | १७ | ३७ | १८ | ३०४ | १८० | २० | ८ | ३३ | ३ | १९ | ३ | १९ | ३ | १९ | ० | ० | ० | ० | २८४ | ५४१ |

(घ) **बेपत्ता विवरण**

| जिल्ला | पानिमा डुवेर | जम्मा |
|---|---|---|
| नवलपरासी (ब.सु.प) | १ | १ |
| रुपन्देही | 0 | ० |
| कपिलवस्तु | 0 | ० |
| पाल्पा | 1 | १ |
| गुल्मी | 0 | ० |
| अर्घाखाँची | 0 | ० |
| दाङ | 0 | ० |
| प्यूठान | 0 | ० |
| रोल्पा | 0 | ० |
| रूकुम (पूर्वी भाग) | 0 | ० |
| वाँके | 1 | १ |
| वर्दिया | 0 | ० |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

बहुविपद्बाट यस आ.व.मा २८४ जनाको मृत्यु र ५४१ जना घाइते भएका छन । सबैभन्दा धेरै प्यूठानमा ५१ जना, कपिलवस्तुमा ४६, रुपन्देहीमा ४५ जना, छ भने अन्य जिल्लाहरूमा विपद्का कारण मानवीय क्षति भएको देखिन्छ। बहुविपद्बाट भौतिक संरचनामा परिवार प्रभावित यस बर्ष व्यक्तिगत घर ७५४, पूर्ण क्षति ५९६ वटा १५८ आशिक क्षति भएको छ। पुर्ण क्षति भएको गोठ ५०९ छ भने आंशिक क्षति २७ वटा रहेको छ।

(ङ) **भौतिक क्षतिको विवरण**

| | जल्ला | घटना संख्या | घर | | गोठ | | सरकारी कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | | पुर्ण | आंशिक | पुर्ण | आंशिक | |
| १ | नवलपरासी(प.) | ५४ | ३३ | १२ | ९ | ३ | ० |
| २ | रुपन्देही | १०६ | ६४ | ६७ | ३० | ० | १ |
| ३ | कपिलवस्तु | ११७ | १०३ | १५ | ५५ | १३ | १ |
| ४ | पाल्पा | ४९ | ५३ | ० | ६३ | १ | ० |
| ५ | गुल्मी | ५१ | ४१ | ४ | ४९ | १ | ० |
| ६ | अर्घाखाँची | ८३ | ६४ | २ | ७३ | ० | १ |
| ७ | दाङ | १२२ | ८० | १० | ४९ | २ | १ |
| ८ | प्यूठान | १६३ | ३८ | ५ | ७५ | २ | ० |
| ९ | रोल्पा | १०० | ३४ | ८ | ५४ | १ | ० |
| १० | रूकुम (पूर्वी भाग) | २५ | ४ | २ | २ | ० | ० |
| ११ | वाँके | १३१ | ७० | २२ | २५ | २ | ० |
| १२ | वर्दिया | १०० | १२ | ११ | २५ | २ | ० |
| जम्मा | | ११०१ | ५९६ | १५८ | ५०९ | २७ | ४ |

*स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

यस आ.व मा आगलागीबाट क्षति भएको जिल्ला बर्दिया रहेको तथ्याङ्कले देखाउँछ । साथै, दाङ, प्यूठान, रुकुम (पूर्वी भाग) जस्ता जिल्लाहरुमा पनि विपद् बाट घरहरु पूर्ण तथा आंशिक क्षति भएको देखिन्छ।

(च) **आगलागी**

| क्र.स. | जिल्ला | आगलागी | | जंगल आगलागी | |
|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | १ | ८ | ० | ० |
| २ | रुपन्देही | ३ | १९ | ० | ० |
| ३ | कपिलवस्तु | २ | २ | ० | ० |
| ४ | पाल्पा | २ | ७ | ० | ० |
| ५ | गुल्मी | ४ | ६ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अर्घाखाँची | २ | ३ | ० | ० |
| ७ | दाङ | ४ | १४ | ० | ० |
| ८ | प्यूठान | ५ | १८ | ० | ० |
| ९ | रोल्पा | ० | ३ | ० | ० |
| १० | रूकुम (पूर्वी भाग) | ० | २ | १ | ० |
| ११ | वाँके | १ | ११ | ० | ० |
| १२ | वर्दिया | १ | १० | ० | ० |
| **जम्मा** | | ३० | ९७ | ३ | १९ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(छ) **बाढी**

| **क्र. स.** | **जिल्ला** | **बाढी** | |
|---|---|---|---|
| | | **मृत्यु** | **घाइते** |
| १ | नवलपरासी (ब.सु.प) | ० | ० |
| २ | रुपन्देही | ३ | ० |
| ३ | कपिलवस्तु | ० | ० |
| ४ | पाल्पा | १ | ० |
| ५ | गुल्मी | १ | २ |
| ६ | अर्घाखाँची | २ | ० |
| ७ | दाङ | ४ | ० |
| ८ | प्यूठान | ४ | ० |
| ९ | रोल्पा | ० | ० |
| १० | रूकुम (पूर्वी भाग) | ० | ० |
| ११ | वाँके | ० | २ |
| १२ | वर्दिया | १ | १ |
| **जम्मा** | | १७ | २ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(ज) **पहिरो**

| क्र.स. | जिल्ला | पहिरो | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | ० | ० |
| २ | रुपन्देही | ० | ० |
| ३ | कपिलवस्तु | ० | ० |
| ४ | पाल्पा | ० | ० |
| ५ | गुल्मी | ४ | २ |
| ६ | अर्घाखाँची | ३ | ० |
| ७ | दाङ | ० | २ |
| ८ | प्यूठान | ० | २ |
| ९ | रोल्पा | ३ | २ |
| १० | रूकुम (पूर्वी भाग) | ० | ० |
| ११ | वाँके | ० | ० |
| १२ | वर्दिया | ० | ० |
| जम्मा | | ११ | २२ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(झ) **हावाहुरी**

| क्र.स. | जिल्ला | हावाहुरी | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | २ | ५ |
| २ | रुपन्देही | ० | ४ |
| ३ | कपिलवस्तु | २ | ० |

| | | | |
|---|---|---|---|
| ४ | पाल्पा | ० | ० |
| ५ | गुल्मी | ० | ० |
| ६ | अर्घाखाँची | ० | ० |
| ७ | दाङ | ० | ० |
| ८ | प्यूठान | ० | ० |
| ९ | रोल्पा | ० | ० |
| १० | रूकुम (पूर्वी भाग) | ० | ० |
| ११ | वाँके | ० | ० |
| १२ | वर्दिया | ० | ३ |
| जम्मा | | ३ | १९ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(ञ) **चटयाङ**

| क्र.स. | जिल्ला | चटयाङ्ग | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | १ | ० |
| २ | रुपन्देही | १ | ० |
| ३ | कपिलवस्तु | १ | ० |
| ४ | पाल्पा | ० | १ |
| ५ | गुल्मी | ० | ७ |
| ६ | अर्घाखाँची | १ | ३ |
| ७ | दाङ | १ | ६ |
| ८ | प्यूठान | १ | १८ |
| ९ | रोल्पा | २ | २१ |
| १० | रूकुम (पूर्वी भाग) | १ | २ |

| | | | |
|---|---|---|---|
| ११ | बाँके | ० | ४ |
| १२ | वर्दिया | २ | ० |
| जम्मा | | १७ | ३७ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

## (ट) सर्पदंश

| क.स. | जिल्ला | सर्पदंश | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | २ | ७ |
| २ | रुपन्देही | १ | ११ |
| ३ | कपिलवस्तु | ६ | ३८ |
| ४ | पाल्पा | १ | २९ |
| ५ | गुल्मी | ० | १३ |
| ६ | अर्घाखाँची | ० | १९ |
| ७ | दाङ | ५ | २० |
| ८ | प्यूठान | ६ | ४१ |
| ९ | रोल्पा | ० | २२ |
| १० | रूकुम (पूर्वी भाग) | ० | ४ |
| ११ | बाँके | २ | ४१ |
| १२ | वर्दिया | ५ | १८ |
| जम्मा | | १८ | ३०४ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

## (ठ) पानीमा डुबेर

| क.स. | जिल्ला | पानिमा डुवेर |
|---|---|---|

| | | मृत्यु | घाइते |
|---|---|---|---|
| १ | नवलपरासी (ब.सु.प) | १० | ० |
| २ | रुपन्देही | ३५ | ४ |
| ३ | कपिलवस्तु | ३३ | १ |
| ४ | पाल्पा | ४ | २ |
| ५ | गुल्मी | ३ | ० |
| ६ | अर्घाखाँची | २ | ० |
| ७ | दाङ | २६ | १ |
| ८ | प्यूठान | ३१ | २ |
| ९ | रोल्पा | २ | २ |
| १० | रूकुम (पूर्वी भाग) | १ | ० |
| ११ | वाँके | २७ | ४ |
| १२ | वर्दिया | २२ | ८ |
| **जम्मा** | | १८० | २० |

*स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(ङ) **डुबान**

| **क्र.स.** | **जिल्ला** | **डुबान** | |
|---|---|---|---|
| | | **मृत्यु** | **घाइते** |
| १ | नवलपरासी (ब.सु.प) | ० | ० |
| २ | रुपन्देही | ० | ० |
| ३ | कपिलवस्तु | ० | ० |
| ४ | पाल्पा | ० | ० |
| ५ | गुल्मी | ० | ० |
| ६ | अर्घाखाँची | ० | ० |
| ७ | दाङ | ० | ० |

| | | | |
|---|---|---|---|
| ८ | प्यूठान | ० | ० |
| ९ | रोल्पा | ० | ० |
| १० | रूकुम (पूर्बी भाग) | ० | ० |
| ११ | वाँके | ० | ० |
| १२ | वर्दिया | ० | ० |
| जम्मा | | ३ | १९ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

## (ढ) जङ्गली जनावर आक्रमण

| क्र.स. | जिल्ला | जंगली जनावरको अक्रमण | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | ० | ६ |
| २ | रुपन्देही | ० | २ |
| ३ | कपिलवस्तु | १ | ३ |
| ४ | पाल्पा | ० | ५ |
| ५ | गुल्मी | ० | ० |
| ६ | अर्घाखाँची | ० | ६ |
| ७ | दाङ | १ | ५ |
| ८ | प्यूठान | १ | ६ |
| ९ | रोल्पा | ० | २ |
| १० | रूकुम (पूर्बी भाग) | ० | ० |
| ११ | वाँके | ४ | ११ |
| १२ | वर्दिया | ९ | २२ |
| जम्मा | | ८ | ३३ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

(ण) **विषाक्त खाद्य पदार्थ सेवन**

| क्र.स. | जिल्ला | बिषात खाध | |
|---|---|---|---|
| | | मृत्यु | घाइते |
| १ | नवलपरासी (ब.सु.प) | ० | १ |
| २ | रुपन्देही | ० | १८ |
| ३ | कपिलवस्तु | १ | २ |
| ४ | पाल्पा | ० | ८ |
| ५ | गुल्मी | ० | १७ |
| ६ | अर्घाखाँची | ० | ३२ |
| ७ | दाङ | १ | १७ |
| ८ | प्यूठान | १ | ३४ |
| ९ | रोल्पा | ० | १८ |
| १० | रूकुम (पूर्वी भाग) | ० | ० |
| ११ | वाँके | ० | ७ |
| १२ | वर्दिया | ० | ११ |
| जम्मा | | ३ | १६५ |

**स्रोतः प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्र*

## ४. सडक दुर्घटना

यस आ.व.मा लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालयको अभिलेख अनुसार ४९०९ वटा सवारी दुर्टनाका घटना भएका छन् भने उक्त घटनाबाट ४७० जनाको मृत्यु र ८४४६ जना घाइते भएका छन। सबैभन्दा बढी सवारी दुर्घटना भएको रुपन्देही जिल्ला छ भने दोश्रोमा बांके, तेश्रोमा बर्दिया, रहेको छ जसको कारण राजमार्ग क्षेत्र भएको र विकास हुँदै गएको सहरी भएको हुनसक्छ, भने सडकको स्तर, बिग्रिदै गईरहेका सडकहरू, निर्माणाधीन अवस्थामा रहेका सडक रहेको छ ।

*श्रोत : प्रदेश ट्राफिक प्रहरी कार्यालय, लुम्बिनी प्रदेश ।*

| सि.नं. | जिल्ला | घटना संख्या | सवारी दुर्घटना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | घाईते | | बेपत्ता | | जम्मा मृत्यु संख्या | जम्मा घाईते संख्या | जम्मा बेपत्ता संख्या |
| | | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | | | |
| १ | नवलपरासी पश्चिम | ५०९ | ६ | ३५ | २०१ | ६८१ | ० | ० | ४१ | ८८२ | ० |
| २ | रुपन्देही | १०३८ | २३ | ९६ | ४४६ | १२८० | ० | ० | ११९ | १७२६ | ० |
| ३ | कपिलबस्तु | ६१९ | १८ | ४८ | २८९ | ७७५ | ० | ० | ६६ | १०६४ | ० |
| ४ | पाल्पा | १५१ | २ | १८ | ५८ | १८२ | ० | ० | २० | २४० | ० |
| ५ | गुल्मी | ९७ | ३ | ७ | ५९ | १२६ | ० | ० | १० | १८५ | ० |
| ६ | अर्घाखाँची | १०७ | ६ | ८ | १०६ | १५६ | ० | ० | १४ | २६२ | ० |
| ७ | दाङ | ५०९ | १६ | ५५ | २८६ | ७२२ | ० | ० | ७१ | १००८ | ० |
| ८ | प्युठान | ९९ | १ | ६ | ६१ | १२९ | ० | ० | ७ | १९० | ० |
| ९ | रोल्पा | १४२ | ३ | १२ | ६४ | १३८ | ० | ० | १५ | २०२ | ० |
| १० | रुकुम पुर्व | ३० | १ | २ | १९ | ३५ | ० | ० | ३ | ५४ | ० |
| ११ | बाँके | ८६३ | ९ | ५३ | ३८४ | १००३ | ० | ० | ६२ | १३८७ | ० |
| १२ | बर्दिया | ७४५ | ६ | ३६ | ३६४ | ८८२ | ० | ० | ४२ | १२४६ | ० |
| | **जम्मा** | ४९०९ | ९४ | ३७६ | २३३७ | ६१०९ | ० | ० | ४७० | ८४४६ | ० |

- सडक दुर्घटनाबाट बढी मृत्यु र घाइते हुने जिल्ला रुपन्देही रहेको छ।
- सवारी दुर्घटनाको मासिक अभिलेखलाई हेर्दा सडक दुर्घटनाका कारण औषत दैनिक १३ घटना, १ जनाको मृत्यु, घाइते २३ जना रहेको छ भने प्रति महिना ४०९ भन्दा बढी घटना हुने गरेको र ३९ जनाको मृत्यु र ७०३ जना घाइते भएको देखिन्छ।

### ४.३.१. सडक दुर्घटना हुने कारण तथा सम्भावित रोकथामका उपायहरू :

१. **कारण :**

- बढ्दो सवारी चाँप,
- सडकको संरचना कमजोर हुदै जानु,
- सडक सुरक्षा सङ्केत चिन्हहरूको अपर्याप्तता,
- निर्माणाधीन अवस्थामा रहेका मुख्य राजमार्गहरू तथा अन्य मार्ग,
- पहाडी क्षेत्रमा जथाभावी खनिएका सडक,
- सवारी चालकको लापरबाही,
- पुराना सवारी साधनहरू सञ्चालनमा हुनु
- समयमै मर्मतसम्भारको व्यवस्थापन नगर्नु, आदि

२. **रोकथामका उपायहरू :**

- सडकको बेलैमा मर्मत सम्भार गर्ने,
- सडक सुरक्षा सङ्केतहरू सडक प्रयोगकर्ताले देख्ने गरी उपयुक्त स्थानमा राख्ने,
- प्राविधिकको स्टमेट, डिजाइन तथा भौगोलिक अवस्थितिको जाँच गरेर मात्र सडक मार्गहरू खोल्ने,

- सवारी चालकहरूलाई बेलाबेलामा सडक सुरक्षा सम्बन्धी तालिम प्रदान गर्ने,
- पुराना सवारी साधनहरूलाई विस्थापन गर्ने,
- लामो दुरीमा चल्ने सवारी साधनहरूको जाँचको व्यवस्था मिलाउने।

## ५.आ.व.२०८०।०८१ मा विपदबाट प्रभावितहरूलाई उपलब्ध गराईएको राहत विवरण

| क्र.सं. | जिल्ला | वितरण गरिएको राहत रकम | पुनर्निर्माण तथा पुनर्स्थापना | विपद पूर्वतयारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | रोल्पा | १७३०००० | ० | | |
| २ | गुल्मी | ४२०००० | ५३८५००० | | |
| ३ | प्युठान | १४०००० | ५२५००० | | |
| ४ | दाङ | ६०४३५०० | ० | | |
| ५ | बर्दिया | ११८३००० | ० | २५००००० | |
| ६ | रुपन्देही | ४२२५०० | ० | | |
| ७ | कपिलबस्तु | ६३३००० | ० | | |
| ८ | अर्घाखाँची | १३५५००० | ९६०००० | | |
| ९ | नवलपरासी पश्चिम | ० | ० | | |
| १० | बाँके | ३००००० | ० | २५००००० | |
| ११ | पूर्वी रुकुम | ० | ० | | |
| १२ | पाल्पा | ० | २४४५००० | ४९८३००० | |
| | जम्मा | १२२२७००० | ९३१५००० | ७४८३००० | |
| | कुल जम्मा | २१५४२००० | | | |

## ६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएका प्रयासहरू

लुम्बिनी प्रदेश भूकम्प, बाढी, पहिरो, हावाहुरी, चट्याङ् लगायतका प्राकृतिक र सडक दुर्घटना, आगलागी, सर्पदंश, जङ्गली जनावरको आक्रमण लगायतका गैर प्राकृतिक विपद्का घटनाहरू घटेको पाइन्छ। प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि निम्नलिखित प्रयासहरू गरेको छ।

नेपालको संविधान र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०८१, प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका,२०७७, हवाइ उद्धार सम्वन्धी कार्यवीधि २०७९, स्वयंसेवक परिचालन सम्वन्धी

कार्यविधि,२०७९, विपद् जोखिम न्यूनीकरण रणनीतीक कार्ययोजना २०७९ देखि २०८७, व्यवसाय सेवा निरन्तर योजना २०८१(कार्यकारी समितिवाट पारित हुन वाँकी), प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा २०८२, प्रदेश आपतकालीन कार्य सञ्चालन निर्देशिका,२०८१, २०७८ साल देखि मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन भइरहको, शीतलहर प्रतिकार्य, आगलागी प्रतिकार्य, तातो हावाको लहर प्रतिकार्य योजना, विपद् जोखिम न्युनीकरण रणनीतीक कार्ययोजना कार्यान्वयन कार्यढाँचा २०८१, प्रदेश घर विमा सम्वन्धि कार्यविधि २०८२ (मस्यौदा), विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यसञ्चालन विधि, २०८२ (मस्यौदा), विपद् जोखिम विरुद्ध सामुहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२(मस्यौदा), विपद् जोखिम न्युनीकरण तथा ब्यबस्थापन, नियमावली (मस्यौदा) भई सोही बमोजिम प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन भई प्रदेश स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति, ऐन र रणनीतिक कार्ययोजना निर्माणको कार्य अगाडि बढाइएको छ ।

## ७. सङ्घ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

लुम्बिनी प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति २०१८-२०३० को लक्ष्य र सेही योजनाको प्राथमिकता प्राप्त क्षेत्र २ अनुसार भएका प्रयास तलको तालिकामा उल्लेख गरिएको छ । १०९ वटा स्थानीय तह रहेको लुम्बिनी प्रदेशमा सबै तहमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको छ भने विपद् व्यवस्थापन सम्वन्धी ऐन, नीति, नियामावली, योजना आदी निर्माण गरी कार्यान्वयनको चरणमा रहेकोछ ।

प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना यस प्रदेशमा गरिएको छ। कोषमा १० करोड रूपैयाँ नघट्ने सुनिश्चितता प्रदान गरिएको छ। कोषबाट विपद् पूर्व तयारी खोज तथा राहत वितरण सम्बन्धी कार्य सञ्चालन गरिदै आएको छ । विपद् सम्बन्धी घटनाको पूर्व-सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालयहरूसँगको समन्वय र सहकार्यमा विपद् पूर्व सूचना प्रणाली स्थापनाको कार्य भईरहेको छ।

प्रदेशका उच्च जोखिममा रहेका पालिकाहरूमध्ये यस बर्ष ३ जिल्लाका १७५ जनालाई विपद प्रतिकार्य तालिम दिइ प्रतिकार्य स्वयंसेवक तयार गरिएको छ। विपद्को समयमा खोज, उद्दार एवं राहत वितरणलाई छिटो छरितो बनाउन प्रदेशभित्रका विभिन्न जिल्लाका विकट स्थानीय तहमा हेलिप्याड निर्माणको लागि अभियान सञ्चालन गर्ने प्रयास गरिएको छ।

गुल्मी, रोल्पा, दाङ, अर्घाखाँची लगायतका जिल्लाका विपदबाट पूर्ण घर क्षति भएका नागरिकहरूलाई निजी आवास पुननिर्माणको काम भइरहेको छ जसमा सङ्घ, प्रदेश र स्थानीय तहको लागत सहभागिता रहेको छ भने विपद् बाट क्षतिग्रस्त विद्यालय, खानेपानी आयोजना र सिँचाइ आयोजनाहरू पनि पुननिर्माणको काम भइरहेको छ। विपद्मा खोज तथा उद्दार कार्यलाई छिटो छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश स्तरीय नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाललाई खोज तथा उद्दार सामग्री हस्तान्तरण गरिएको छ।

सडक दुर्घटनालाई न्यूनीकरण गर्न ट्राफिक चेतना प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक तालिम सञ्चालन गर्नुको साथै प्रदेशभित्रका मुख्य सडकहरू स्तरोन्नति गर्ने कार्य भइरहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि स्थानीय तह, जिल्ला प्रशासन कार्यालयहरू, प्रदेशस्तरीय मन्त्रालय र सङ्घीय मन्त्रालयहरूसँग निरन्तर समन्वय र सहकार्य गरिएको छ। सबै स्थानीय तहहरूमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई स्थानीय तहमा विपद जोखिम न्यूनीकरण तथा व्ययवस्थापन सम्वन्धि कार्य कार्यान्वयनमा आएको छ ।

यस आ.व.मा प्रदेश विपद् व्यवस्थापन परिषदको बैठक १ पटक र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक ३ पटक बसेको छ | बिभन्न समयमा बसेको बैठकले प्रदेश तहमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ। प्रदेशमा मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिएको र सबै जिल्ला विपद् व्यवस्थापन समितिलाई समेटी योजना निर्माण गरी कार्यान्वयन गर्न समन्वय भइरहेको छ ।

विषयक्षेत्रगत निकायहरू (Cluster system) लाई सक्रिय बनाइएको र विषय क्षेत्रगत नेतृत्व गर्ने निकाय र सहनेतृत्व गर्ने निकायहरूविच बैठकको आयोजना गरी प्रतिकार्यका लागि पुर्वतयारी योजना तयार गरी कार्यान्वयनमा ल्याईएको छ । व्यवसाय तथा सेवा प्रवाह निरन्तरता योजना बनेको छ।

टेबलटप कृत्रिम घटना अभ्यास [प्रदेश, अन्तर प्रदेश ] सम्पन्न गरिएको छ। बिषयगत क्षेत्रहरुमा स्वास्थ्य, शिक्षा, संरक्षणमा Contingency Plan बनेको छ। भूकम्प सुरक्षा दिवश र भुकम्पलाई आधारित बनाइ Simulation Program सम्पन्न भएको छ।

DEOC PEOC, LEOC मा कार्यरत कर्मचारीहरु सहायक प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय तथा विपद् फोकल ब्यक्तिहरुलाई EOC सम्बन्धी तालिम दिइएको । विपद् पूर्वतयारी तथा प्रतिकार्य तालिम निरन्तर भइरहेको छ। समन्वय बैठक अन्तरक्रिया छलफल कार्यक्रम विपद्संग सम्बन्धित संस्थाका ब्यात्तिहरुलाई दिइएको र विपद् लाई बिमा सँग जोडनको लागि तालिम गोष्ठी भइरहेको छ।

## ८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आगामी योजनाहरू

(क) विपद्मा खोज तथा उद्दार कार्यमा खटिने आवश्यक जनशक्ति निर्माण गर्न प्रदेश विपद् व्यवस्थापन तालिम केन्द्रको स्थापना तथा विपद् खोज तथा उद्धारका सामग्री खरिद र व्यवस्थापन गर्ने ।

(ख) प्रदेश विपद् जोखिम नक्शांकन गरी विपद् जोखिम पार्श्वचित्र तयार गर्ने ।

(ग) विपद्मा खोज तथा उद्दार कार्यलाई छिटो छरितो बनाउन थप स्थानमा हेलिप्याड निर्माण गर्ने।

(घ) प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रको सुदृढीकरण गरी Data Collection and Distribution लाई प्रभावकारी बनाउन Good Coordination , Information कार्यान्वयनमा जोड दिने।

(ङ) प्रदेशभित्रका विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी प्रदेशको विपद् प्रोफाइल तयार गर्ने।

(च) प्रदेशभित्र Integrated Disaster Management and Early warning System जडान गर्ने।

(छ) खोज तथा उद्धार सामग्री खरिदको लागि बजेट बिनिमियोजन भएको।

(ज) विपद् पूर्वतयारी तथा प्रतिकार्य तालिमको लागि अगामि बर्षको लागि योजना बनाइएको ।

(झ) खोज तथा उद्धार सामग्रीको लागि २ वटा कन्टेनर राख्ने योजना भएको ।

## ९. सुझाव र निष्कर्ष

नेपालको संविधानले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यको सुचिमा रहेको सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेत रहेको छ। संविधानले निर्देशन गरे बमोजिम विपद् व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहबिच आपसी समन्वय र सहकार्य हुनु जरुरी छ। विपद् व्यवस्थापन क्रियाशील सङ्घीय एकाई (जिल्ला प्रशासन कार्यालयहरू, गृह मन्त्रालय र नेपाली सेना र सशस्त्र प्रहरी बल, नेपाल) ले विपद् व्यवस्थापनमा ज्ञान, सिप र क्षमता हासिल गरेको अवस्था छ।तर प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापनको सन्दर्भमा सुरूवाती चरणबाट काम गर्नुपर्ने भएकोले सङ्घीय सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

नेपालको संविधान जारी भइसकेपछि निर्माण भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहले के-के काम गर्ने र अधिकारक्षेत्र के रहने भन्नेमा स्पष्ट गर्न सकेको छैन ।फलस्वरूप प्रदेश र स्थानीय तहसम्म काममा द्विविधा सिर्जना भएको छ।प्रदेशको विपद् व्यवथापन को क्षेत्रमा विकास साझेदार संस्थाको सहयोगी भूमिका पनि महत्वपूर्ण रहेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विपद् जोखिम आँकलन एवं बुझाइमा एकरूपता कायम गरी बहु-प्रकोप जोखिम आँकलन, नक्साङ्कन र विश्लेषण, प्रभावकारी विपद् पूर्वतयारीको सुदृढीकरण गर्न बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास र विस्तार र प्रभावकारी सूचना सम्प्रेषणको व्यवस्था, खोज तथा उद्दार क्षमता विकासको लागि सङ्घ, प्रदेश र स्थानीय तहकाबीच समन्वय, सहकार्य र साझेदारीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।